CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अभिलेख-संग्रह

[दोस्रो भाग]

अ.सं. २८
५



सम्पादक—

रामजी तेवारी
देवीप्रसाद भण्डारी
भोलानाथ पौडेल
शङ्करमान राजवंशी
धनवज्र वज्राचार्य
गौतमवज्र वज्राचार्य
महेशराज पन्त
नयनाथ पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

तदिह न गुणदोषौ योजनीयावलोकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ। त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला]

अभिलेख-संग्रह

[दोस्रो भाग]

सम्पादक-

रामजी तेवारी
धनवज्र वज्राचार्य
देवीप्रसाद भण्डारी
गौतमवज्र वज्राचार्य
भोलानाथ पौडेल
महेशराज पन्त
शङ्करमान राजवंशी
नयनाथ पौडेल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय – सूची

	पृष्ठ-
परम्परा नभई गहकिलो काम हुँदैन	५-७
वक्तव्य	८
सुनधाराको अभिलेख	९
भैरवस्थानको ,,	९
थपाहिटीको ,,	१०
नारायणचोककोः ,,	१०-११
वज्रयोगिनीको ,,	१२
कुम्भेश्वरको ,,	१२
वलटोलको ,,	१३
चाँगुको ,,	१३
देउपाटनको ,,	१४
मोतीटारको ,,	१४
बटुकभैरवको ,,	१५
बालकमारीको ,,	१५-१६

२०६३३

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहास-संशोधनहरूको विषयमा

धर्मशास्त्राचार्य, काव्यतीर्थ पं. डाकुरनाथ पाँडे तथा पञ्चाङ्गकर्ता पं. नरनाथ पाँडेको सम्मति

श्रीः

१५ साल भाद्र १२ गते
इ६६८ इन्द्रचोक

प्रिय संशोधकवर्ग !

तपाईंहरूले इतिहास, व्याकरण र पञ्चाङ्गहरूका संशोधन-पुस्तिकाहरू प्रकाशन गरी निष्पक्षपात र सत्य अशुद्धिहरू जनताका अगाडी प्रस्तुत गरीदिनुभएकोले देश र दुनिआका साथै तत्तद् ग्रन्थकारहरूस्मेत अनुगृहीत हुनेछन्. विशेषतः- हाम्रा पञ्चाङ्गमा परेका अशुद्धि प्रकाशन गरी हामीले गर्नुपर्ने काममा सहायता पुगन गएकोले अत्यन्त हर्षका साथ तपाईंहरूका संशोधन कार्य चिरकालसम्म चलीरहोस् भनि शुभकामना गर्दै यो अभिनन्दन समर्पण गर्दछौं ।

पुनश्च-वर्तमान १५ सालका पञ्चाङ्गका अशुद्धिहरू प्रकाशन गरीदिनुभई पञ्चाङ्गलाई गन्दगीबाट र जनतालाई धोकाबाट बचाईदिनुहोला भन्ने आशा गर्दछौं ।

हामी तपाईहरूका हितैषी
पं. डाकुरनाथ
तथा नरनाथ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

इतिहास–संशोधनहरूको विषयमा

'जगदम्बाप्रकाशन'का प्रबन्धक श्रीकमल दीक्षितको सम्मति

श्रीदरबार, पुलचोक
नेपाल
मिति–२०१६–५–२७–७ मा

नयराजज्यू,

आफूले बीस बाइस वर्षसम्म गरेको तपस्याको अनुभव तपाईंले सबै आफ्ना शिष्यहरूलाई बांडिदिएकोको रहर लाग्दो फल हामीहरुले इतिहास-संशोधन, पञ्चाङ्ग-संशोधन, व्याकरण–संशोधनहरुमा पाएका थियौं। असामान्य खजाना पाइरहेथ्यौं हामी नेपालीले तपाईंका शिष्यहरुका सत्प्रयासबाट। कति पुनीत कार्य थियो त्यो। आफै सक्रिय नभए तापनि हामी तपाईंका शिष्यहरुको त्यस पवित्र संकल्पका महत्त्वाकांक्षी थियौं।

उठाइएको त्यो महान् कार्यमा किन अचेल केही गतिरोध आए झैं लाग्छ? तपाइले एका ठाउँमा भन्नुभए जस्तै, आर्थिक कारणले त संशोधन कार्य बन्द हुनुपर्ने होइन। त्यसो भए किन? त्यति राम्रो उत्साहले चलेको काम किन अहिले सेलाउन खोज्दैछ? हामीहरु चिन्तित छौं। यो कार्य—जातीय भूल सुधार्ने यो आन्दोलन–बन्द भयो भने हाम्रो देशको ज्ञानभण्डारको एउटा उज्यालो दीयो निभ्नेछ। त्यो निभ्न नदिनूहोला, यो प्रार्थना छ।

हामीले गर्ने कुनै सेवा छ भने संझनूहोला।

तपाईंको
कमल दीक्षित
निमित्तः जगदम्बा प्रकाशन, ललितपुर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परम्परा नभई गहकिलो काम हुँदैन

"एतानि सरहस्यानि जृम्भकास्त्राणि यानि भगवतः कृशाश्वात् कौशिकमृषिमुपसंक्रान्तानि, तेन च ताडकावधे प्रसादीकृतान्यार्य्यस्य"

—भवभूति

[रहस्यसमेतका जृम्भकास्त्रहरू यी हुन् । कृशाश्वले आफ्ना चेला विश्वामित्रलाई यी अस्त्रहरू सिकाइदिनुभएको थियो । ताडकालाई मार्दा खुशी भएर विश्वामित्र ऋषिले यी अस्त्र रामचन्द्रलाई सिकाइदिनुभयो ।]

नेपाल–राष्ट्रलाई दासतामा जकडन आएका मुसलमान र अंग्रेजलाई श्री ५ पृथ्वीनारायण शाहले लडाईँको मैदानमा आफ्नो बलले हटाउन नसकेका भए नेपाल–राष्ट्रको अस्तित्व आज संसारमा रहँदैनथ्यो★ ।

आफ्नो जीवनमा आफ्नो शक्ति र बुद्धिले विदेशीहरूलाई हटाई नेपाल–राष्ट्रलाई बचाउन पृथ्वीनारायण समर्थ भए तापनि म मरेपछि विदेशीहरूले नेपाल खान उद्योग गर्नेछन् र त्यसमा नेपालीहरूले शक्ति र बुद्धि देखाउन सकेनन् भने नेपाल–राष्ट्रको अस्तित्व संसारमा रहनेछैन तथा मेरो जीवनको परिश्रम खेर जानेछ भन्ने कुरालाई मृत्युशय्यामा परेका पृथ्वीनारायणले झलझली देखेका थिए—

"दक्षिनको समुन्द्रका बादसाह··· ··· ···महाचतुर छ. ··· ··· ···यक दिन त्यो बल आउन्या छ"

"सिपाही भै भारादारले स्वप गरेनन् भन्या चारै षुट्मा मेरो तरवार बजनेछ, स्वषमा पस्यो भन्या मेरा साना दुषले आर्ज्याको मुलुक होइन"

[पृथ्वानारायणको उपदेशबाट]

यस कारण नेपाल–राष्ट्रलाई बचाउन पृथ्वीनारायणले आफू मरे तापनि आफूजस्ता राजनीतिज्ञ पुरुषहरू नेपालमा रहीरहून् भन्ने इच्छा गरी सोही कामका लागि आफ्नो अन्तिम अवस्थामा यसरी कुरा उठाए—

'बुढा मरे भाषा सर भनि भन्छन्. तिमिहरु सबैछेउ सुनाइ गयाको भया तम्रा सन्तानलाई सुनाउला र तम्रा सन्तानले हाम्रा सन्तानलाई सुनाउनं र यो राजे थामि षानन्"

★यस विषयको विशेष चर्चा व्याकरण-संशोधन ५ संख्यामा प्रकाशित 'संशोधनको आवश्यकता' भन्ने निबन्धमा मैले गरेको छु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यताबाट राजनीतिज्ञको परम्परा बसाउन पृथ्वीनारायण उत्सुक थिए भन्ने कुरा स्पष्ट छ।

ज्यौतिष शास्त्रमा भास्कराचार्यको 'सिद्धान्तशिरोमणि'को ठूलो महत्त्व छ। सबैतिर दृष्टि पुऱ्याई निर्घक्कसंग बोल्ने र सन्देह परेका कुरामा प्वाक्क नबोल्ने भास्करको स्वभाव थियो[१]। सिद्धान्तशिरोमणिमा चार अध्याय छन्। ती यी हुन्-लीलावती(व्यक्तगणित), बीजगणित, ग्रहगणित,गोल। ग्रहगणित र गोल यी दुइ अध्यायको भास्करले आफैले व्याख्या लेखी उपपत्ति दिएका छन्। लीलावती र बीजगणितको चाहिं व्याख्या र उपपत्ति भास्करले दिएका छैनन्। यसबाट लीलावती र बीजगणितको वास्तव अर्थ बुझ्न अरू ग्रन्थको सहायता आवश्यक हुन्छ।

लीलावती र बीजगणितमा धेरै विद्वान्ले व्याख्या गरी उपपत्ति दिएका छन् तापनि गणेश दैवज्ञको लीलावतीको व्याख्या बुद्धिविलासिनी र कृष्ण दैवज्ञको बीजगणितको व्याख्या नवाङ्कुर प्रामाणिक मानिएका छन्। यी गणेश र कृष्ण दुवै एउटै परम्पराका थिए। जस्तै--

'आसीत्.....श्रीकेशवः सुगणितागमचक्रवर्ती। तस्मादभवद्.....गुरुसंप्रदायप्रज्ञात-शास्त्रहृदयो.....गणेशः। तस्य भ्रातुः सुतोः.....नृसिंहोऽभूत्। तच्छिष्यो.....गणिताम्नाय-विद्याशरण्यो.....विष्णुनामाऽभूत्। तस्माद् गुरो स्त्रिस्कन्धं ज्यौतिषमधीत्य कृष्णो बीजपल्लवं तनुते।

[नवाङ्कुरव्याख्या]

[ठूला गणितज्ञ केशव हुनुभया। उहाँका छोरा गुरु-परम्पराबाट शास्त्रको रहस्य बुझेका गणेश दैवज्ञ हुनुभयो। उहाँका भतिजा नृसिंह हुनुभयो। नृसिंहका चेला गणित-विद्याका ठूला ज्ञाता विष्णु दैवज्ञ हुनुभयो। गुरु विष्णु दैवज्ञबाट त्रिस्कन्ध ज्यौतिष-लाई पढेर कृष्ण दैवज्ञले बीजगणितको नवाङ्कुर व्याख्या बनाउन लागेका छन्]

केशवदेखि उठेका गणितज्ञको यस परम्पराले गणितशास्त्रका धेरै प्रामाणिक ग्रन्थ तयार गरेको छ।

यति भन्नाको तात्पर्य प्रामाणिक ग्रन्थ बनाउन खोज्नेले विद्या-परम्परा चलाउन पनि खोज्नुपर्छ भन्ने हो।

नेपालको प्रामाणिक इतिहास तयार गर्न अध्ययन र अन्वेषणको परम्परा बसाउनु

---

[१] यसको विशेष चर्चा घनवज्र+ज्ञानमणिको इतिहास-संशोधन ४ संख्याको अभिनन्दनमा मैले गरेको छु।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आवश्यक छ । सो परम्परा बसाउने उद्योगमा नलागी सभामा गएर आफूले राम्रोसंग नबुझेको कुरामा पनि अडकलपच्चु कुरा गरेर रबाफ छाट्न खोज्ने मनुष्यहरूले त—

तां भ्रान्तिमेव सहठं परिनिष्ठितेति
वाक्कौशलैः प्रतिसभं प्रतिपादयन्तः ।
तत्संस्कृतेर्दृढतया विवशाः पतन्ति
तेऽन्धे तमस्यथ परानपि पातयन्ति ॥

—गङ्गाधर शास्त्री

[त्यही भ्रमलाई दुराग्रहसाथ वास्तव कुरा हो भनी सभैपिच्छे वाक्चातुर्यसाथ भन्दै हिंड्ने मनुष्यहरू त्यही भ्रमको संस्कार मनमा जमेर रहेको हुनाले विवश भएर अन्धकारमा आफू पनि जाकिन्छन्, अरूलाई पनि जाक्छन्]

यसको उदाहरण देखाइदिनुसिवाय बढ्ता काम गर्न सक्लान् भन्ने आशा गन अहिलेसम्मका घटनाबाट सकिंदैन ।

२०१८ श्रावण-संक्रान्ति — नयराज पन्त

महाबौद्ध, काठमाडौं, नेपाल

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

★वक्तव्य★

अभिलेख–संग्रहको पहिलो भागमा लिच्छविकालका १२ वटा अप्रकाशित शिलालेख प्रकाश गरेका थियौं। अहिले यस दोस्रो भागमा लिच्छविकालपछिका १२ वटा अप्रकाशित अभिलेख पारेका छौं।

पशुपतिको प्रसिद्ध अभिलेखका संस्थापक लिच्छवि राजा जयदेवपछिको केही शताब्दीसम्मको नेपालको इतिहास प्रकाशमा आउन सकेको छैन। गोपालवंशावली आदि वंशावलीमा यस ताकाका केही राजाहरूको नामावली पाइन्छन् तापनि ती नामावली भर-पर्दा छैनन् भन्ने कुरा परीक्षा गरी हेर्दा स्पष्ट थाहा पाइन्छ। यस कारण वंशावली-मा उल्लिखित यस ताकाका राजाहरूको समय नाम क्रममा र कतिको त अस्तित्वमै पनि शङ्का छ।

यस ताकाका स्वयं राजाहरूले राखेका कुनै अभिलेखहरू अहिलेसम्म हामीले भेट्टाउन सकेका छैनौं। अहिले यस भागमा परेका सबै अभिलेखहरू दुनियाँदारले जलद्रोणी (टुटेधारा=जन्हुँ[1]) आदि बनाउँदा राखिएका नै छन्। यस कारण यी अभिलेख-हरूले त्यस ताकाको इतिहासमा बढ्ता प्रकाश पार्न सक्तैनन् तापनि त्यस ताकाका केही राजाहरूको अस्तित्व, समयबारे तथा त्यस वेलाको अवस्थाबारे केही प्रकाश पार्छन्। यस दृष्टिले यी अभिलेखको महत्त्व छ।

यस ताकाका अभिलेख प्रायः अशुद्ध संस्कृतभाषामा लेखिएका पाइन्छन्। जस्ताको तस्तै दिंदा नै त्यस वेलाको विद्याको स्थितिको विषयमा केही कुरा प्रकाश पार्ने हुँदा अशुद्धिलाई सच्याएर कोष्ठमा शुद्ध पाठ राख्ने चेष्टा यहाँ गरिएको छैन।

अहिलेलाई अभिलेख–संग्रहको केही भागमा मूल मात्रै छाप्ने जाने विचार हामीले गरेका छौं। यस कारण यहाँ परेका संवत् तिथि, मितिविषयको विचार र यी अभिलेख-हरूको अनुवाद व्याख्या पछि गर्नेछौं।

—सम्पादकहरू

---

१. जलद्रोणीको अपभ्रंश नेवारी भाषामा जन्हुँ शब्द देखिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुनधाराको अभिलेख

पाटन सुनधारासँगै पूर्वपट्टि भित्तामा अडेस लागेर एउटा ठूलो दुङ्गो रहेको छ। उत्तरपट्टि फर्केको सो दुङ्गाको १२ अङ्गुल लम्बा, १½ अङ्गुल चौडा माथिल्लो भागमा यो अभिलेख कुँदिएको छ। खिइएका हुँदा केही अक्षर अस्पष्ट छन्।

१. ॐ सम्वत्सरशते षष्टे मासे कार्तिकसंज्ञके।
२. नराणाम्परिभोगार्थं ...

—०—

भैरवस्थानको अभिलेख

भक्तपुर तौमढि टोलमा भैरवको प्रसिद्ध मन्दिर छ। सो भैरवमन्दिरनिरै भजन गन चौकमा एउटा इनार छ। त्यस इनारबाट पानी झिक्दा टेक्ने दुङ्गा बनाइराखेको एउटा कुनै देवताको पादपीठ छ। त्यस पादपीठमा यो अभिलेख कुँदिएको छ ★। यसको अभिलेख कुँदिएको भाग २२ अङ्गुल लम्बा ५ अङ्गुल चौडा छ। यो अभिलेखको छेउको केही भाग खण्डित छ।

१. ॐ श्रेयोस्तुः ॥ सम्वत् १२५ चैत्रशुक्लत्रियोदस्यां ...
२. महाराजाधिराजश्रीनिर्भयदेवविजयराज्येः ॥ श्रीखवपु ...
३. शिवग्वलोत्तरधेनकवास्तव्यजयचतुपाकन श्रियाधरदवकपरक ...
४. देवस्थानार्थं द्वादस मानि धानि प्रज्ञातयति। तिलिकमराण

★ यसको उतार लिने काममा सनातन पोखे लबाट पनि केही सहायता पाएका छौं

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

थपाहिटीको अभिलेख

ललितपुर महाबौद्धदेखि केही दक्षिण र पश्चिम लागेपछि थपाटोल आउँछ। त्यहाँ 'थपाहिटी' भन्ने ढुङ्गे धारामा ओह्रोलपछि धारासँगै एउटा सुन्दर सूर्यमूर्ति देखिन्छ। त्यस सूर्यमूर्तिको पादपीठमा यो अभिलेख कुँदिएको छ। सो पादपीठको अभिलेख रहेको भाग ८ अङ्गुल लम्बा, ३ अङ्गुल चौडा छ।

१. ॐ पञ्चासीतिनियुक्तवत्सरशतं प्राप्ता सुपूर्णं सुभा
२. मूलादित्ययुता (वि)धिश्च धवलाषाढत्रयोदश्यपि
३. श्रीप्रद्युम्नमहीपतेश्च सुखवद्राज्यं प्रतिष्ठापिता
४. तत्राचार्यवरेण सा प्रतिकृती रत्नाकरस्वामिना

—०—

नारायणचोकको अभिलेख

भक्तपुर तौमढी टोलमा भैरवस्थाननजीकै 'नारायणचोक' भन्ने ठाउँ छ। त्यहाँ तिलमाधव-मन्दिरको अगाडि पूर्वाभिमुख भई रहेको एउटा गरुडध्वज छ। सो स्तम्भको पश्चिमपट्टिको पाटामा यो अभिलेख कुँदिएको छ×। सो स्तम्भको अभिलेख कुँदिएको भाग १७½ अङ्गुल लम्बा १७ अङ्गुल चौडा छ।

१. ॐ स्वस्ति ॥ क्षीरोदाम्बुनिधौ विधाय रभसात्
लुब्धं गिरिं मन्दरं
२ संभूता कमलालया प्रमथिते देवासुरैर्विश्वतः संवी-
३ क्ष्य स्वधिया विचिन्त्य च मुहुर्देवेषु सर्वात्मना श्रेष्ठोसावि-
४ ति यं गता स जगतां कुर्याच्छ्रियं माधवः। यः पारिजा-
५ ततरुमानयति स्म भर्तुर्लक्ष्मीपतेरसुरकाननधूमकेतोः

× श्रीमनवज्र वज्राचार्यले यस अभिलेखको पत्ता लाउनुभएको हो। उहाँबाट हामीले यसको सूचना पाएका हौं।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६ कर्त्तुं प्रमोदमवमत्य समस्तदेवान् देयाच्छुभं स जगतां विन-
७ तातनूजः । पृथ्वीं नृपे सकललोकहृदंबुहंसे युक्त्या प्रशा-
८ सति रिपुद्विपकेशरीन्द्रे । वित्ते गुणैर्जगति चंद्रकलाव-
९ दातैः श्रयानन्ददेव इति सूर्यकुलप्रदीपे ॥ नप्त्रा सज्जन-
१० चित्तकैरवविधोः सम्पद्यशालिनः श्रीमद्रामुनिसंज्ञित-
११ स्य विहिता पुत्रेण पुण्यात्मनः । अर्च्चा श्रीपतिमाधवस्य प-
१२ रया सम्प्राप्तुमुच्चैः पदं भक्त्या श्रीगरुडस्य शंकर इति
१३ ख्यातेन भूमण्डले । पत्न्या सहानिन्द्यचरित्रवत्या कलं-
१४ कहीनोडुपबिम्बकान्तं वक्त्रं दधत्या हृदयं क्षिपन्त्या नि-
१५ रुत्तरे श्रेयसि तेजलक्ष्म्या ॥ समाशतद्वये प्राप्ते वसुवा-
१६ हसमायुते । कृष्णाष्टम्यां कृता ज्येष्ठे प्रशस्तिः सोमवास-
१७ रे । विद्वत्तोदयचन्द्रेण सेवायै कमलापतेः । पूजि-
१८ तो वाक्यपुष्पेण मुदमेति हि केशवः ॥

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वज्रयोगिनीको अभिलेख

साँखु वज्रयोगिनीको मन्दिरपछाडि लहरै तीन वटा दुङ्गेधारा छन्। तिनमा बीचको धाराको मुखमा यो अभिलेख कुँदिएको छ। यसको अभिलेख रहेको भाग १० अङ्गुल लम्बा, ८ अङ्गुल चौडा छ। खिइएका हुनाले केहा अक्षर अस्पष्ट छन्।

१ सम्वत् २८८ फाल्गुणकृ–
२ ष्णाष्टम्याम् ... ...
३ कादि म
४ रुद्रदेवस्य विजयराज्ये मेतम्
५ ... ...
६ ...पुनर्जन्म हेतोः
७ मातापितापुत्रादिदिवङ्गता । स-
८ त्वान् तेषाम् नरकादिदुः–
९ खोपशान्तये संप्रदत्तमिति



कुम्भेश्वरको अभिलेख

पाटन कुम्भेश्वर महादेवको मन्दिरदेखि उत्तरपट्टि सो मन्दिरमा चढने खुट्किलो बनाई राखिएको एउटा जलद्रोणी छ। सो जलद्रोणीमा यो अभिलेख कुँदिएको छ। अभिलेख कुँदिएको भाग १६½ अङ्गुल लम्बा, २ अङ्गुल चौडा छ।

१ ॐ सम्वत् २९१ कार्तिकशुक्लाष्टम्याम् राजाधिराज परमेश्वर
राज्ये श्रीरुद्रदेवस्य
२ जगदानन्दकारिणः। अष्टम्यां कार्त्तिके शुक्ले प्रतिष्ठादिविधानतः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वलटोलको अभिलेख

पाटन गावहाल वलटोलमा पूर्णचण्डीको मन्दिरदेखि नजीकै पूर्वपट्टि एउटा दक्षिणाभिमुख जलद्रोणीमा यो अभिलेख कुँदिएको छ। यसको अभिलेख रहेको भाग ८½ अङ्गुल लम्बा, ४½ अङ्गुल चौडा छ।

१. ॐ अब्दे याति भुजग्रहाब्धिगुणिते मासे तथा
२. कार्त्तिके रुद्राह्वे नृपतौ च शासति भुवं चन्द्रो जया-
३. ख्यः सुधीः। पार्श्वे पट्टिकया सहामलजलद्रो-
४. णीमिमां दत्तवान् मार्गोन्मार्जनगोष्ठिका-
५. सु निहितं क्षेत्रञ्च तूरोपणम्॥ तत्पट्टि-
६. कापटलाच्छादनाय च शिवकाचतुष्टयम्।

—०—

चाँगुको अभिलेख

चाँगुनारायणको मन्दिरदेखि आग्नेय (पूर्व-दक्षिण) कुनामा एउटा गणेशको मूर्ति छ। उत्तराभिमुख सो गणेशको आसनको रूपमा राखिएको दुङ्गामा यो अभिलेख कुँदिएको छ। यसको अभिलेख रहेको भाग २२ अङ्गुल लम्बा, ३½ अङ्गुल चौडा छ।

यस अभिलेखमा कृष्णको मूर्ति स्थापना गरेको कुराको उल्लेख परेको छ। यस कारण अहिले गणेशको मूर्ति रहे तापनि वास्तवमा यो कृष्णमूर्तिको पादपीठ हो भन्ने देखिन्छ।

१ ॐ स्वस्ति। ऋतुग्रहसमायुक्ते सम्वत्सरशतद्वये।
ज्येष्ठमासासिताष्टम्यां राज्ये श्रीअमृतभूपतेः॥
२ भ्रातुर्विजयदेवस्य स्वर्गसम्प्राप्तिहेतवे।
श्रीविशाखादिदेवेन जनन्या मधुकश्रियः॥
३ आज्ञां स्रजमिवाधाय मूर्ध्ना दोलाचलस्थितेः।
कृष्णस्य विधिवद्भक्त्या विष्णोरर्चा निवेदिता॥
४ पुण्येनानेन लोकोयं सुखी भवतु सर्व्वदा।
परार्थकरणायैव प्रवृत्तिर्हि महात्मनाम्॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देउपाटनको अभिलेख

पशुपति देउपाटन जयवागीश्वरीमन्दिरदेखि केही उत्तर र पश्चिमपट्टि चौरको छेउमा एउटा सानो मन्दिर छ। त्यस मन्दिरभित्र केही देवताहरूका मूर्तिहरू छन्। तिनमध्ये पूर्वाभिमुख भई रहेको सुन्दर गौरीको मूर्ति छ। त्यसको पादपीठमा यो अभिलेख कुँदिएको छ। यसको अभिलेख कुँदिएको भाग २१ अङ्गुल लम्बा, ३½ अङ्गुल चौडा छ।

१ ॐ कन्या विजयपालस्यामृतश्रीनाम सोभना
कालस्य वसमापंना अलब्धोद्वहनक्रिया।
२ तत् शोकाकुलितैरेभिः पितृमातृभिदुःखितैः
समुन्निनीषया तस्या शिवसायोज्यकारणात्।
३ रषपंक्त्यग्निसंख्यांते प्राप्ते सम्वच्छरे शुभे
मास्याषाढे शिताष्टम्यां हस्तर्क्षे बुधवासरे।
४ स्थापिता श्रीमहागौरी भोगामोक्षसमीहया
निर्मिता नन्दपालेन शिल्पिना शुभजन्मना।

—०—

मोतीटारको अभिलेख

पाटनबाट लुभु जाँदा बाटामा मोतीटार भन्ने ठाउँ पर्छ। त्यहाँ एउटा कमलपोखरी छ। त्यसको नजीकै बाटामा जलद्रोणी छ। त्यो जलद्रोणीको बायाँपट्टि १९ अङ्गुल लम्बा, ७½ अङ्गुल चौडा भागमा यो अभिलेख × कुँदिएको छ। सो जलद्रोणीको ढुङ्गो बीच बीचमा खाल्डो परेको र खस्रो हुँदा केही अक्षर अस्पष्ट छन्। अक्षर ठूला ठूला छन्

१ ॐ श्रेयोस्तु ॥ सम्वत् ३५३ कार्तिक कृष्ण
२ राज्ञः श्रीश्रयभयमल्लदेवस्य विज(य)राज्ये ॥ श्री
३ सूतोगल जल कुंलच्च युक्त मुहान लस....
४ स्यनक ... युते प्रमुडा चित्तन जुया
५ ... जलँ ल्होडा जुरो। शुभमस्तु जगताम्

× यो अभिलेख रहेकै ढुङ्गामा अर्को पनि योभन्दा पुरानो अभिलेख कुँदिएको छ। त्यसलाई अरू भागमा प्रकाशित गर्नेछौं।

२०४३५

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

बटुकभैरवको अभिलेख

पाटन टुँडिखेलको पूर्वपट्टि बटुकभैरवको मन्दिर छ। सो मन्दिरको उत्तरपट्टिको परखालमा एउटा जलद्रोणी छ। सो जलद्रोणीमा यो अभिलेख कुँदिएको छ। यसको अभिलेख रहेको भाग १ हात २२ अङ्गुल लम्बा, ३ अङ्गुल चौडा छ। यस अभिलेखमा केही अक्षर फुटिसकेका छन्।

१ ॐ सम्वच्छरयुगे जाते चन्द्रव(हि न)समन्विते।
वैशाखशुक्ले रोहिण्यां तृतीयायां गुरोर्दिने॥
राज्ये श्र्यानन्ददेवस्य ....।
२ श्रीमद्देवधरचन्द्रेण जलद्रोणी प्रकल्पिता॥
तस्मिन् दिवंगते (दैवा)त्तस्य पुत्रेण श्रेयसे।
श्रीदिवाकरचन्द्रेण विहितेयं प्रणालिका॥

—०—

बालकुमारीको अभिलेख

पाटन काछे बालकुमारीस्थानदेखि केही पूर्वपट्टि सरस्वतीको मन्दिर छ। सो मन्दिरनिरै दक्षिणाभिमुख भई रहेको दुङ्गामा यो अभिलेख कुँदिएको छ। अभिलेख कुँदिएको भाग १५ अंगुल लम्बा १२ अंगुल चौडा छ। यस अभिलेखको छेउका केही अक्षर खण्डित छन्।

१ ॐ नमः सारदायैः॥ श्रेयोस्तु...
२ खकृष्ण अष्टम्यां घटि ३ वे नवम्यां...
३ त्तत्रे घटि १४ प्र पूर्वभद्रनक्षत्रः वे घटि..
४ विष्कंभयोगः बुधवासरेः अकर्णे
५ ... होराया तदा उदयात् प्रतीघटि १८ वि...

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

६ सके प्रटिष्ठा वेलाः । वेशाखमाससमसिते तिथि
७ सते चतुःचतुर्त्रिंशकाले सोम्येकवारगरकर्णसंज्ञे
८ सारदा जगतः मातृ पटिथिते 'राज'''
९ तकाममूर्ति श्रीश्रीमतजयानन्दनृपप्रभृते
१०''' मति भर्जि विभाव भावजोर्ण'''वर
११ म् । श्रीजोतकराम श्रीजगराम श्री
१२ दहलकरनविहतिभृतः । स्वस्ति भवंति''मितेक
१३ स देसस्थानाधिपो श्रीनेवगल गनव'''भमस्तुः

—०—

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रकाशक—
संशोधन-मण्डल
महाबौद्ध काठमाडौं नेपाल

वि. सं. २०१८ श्रावण-संक्रान्ति

मूल्य- ।५०

संशोधन-मण्डल
क्र० १।

मुद्रक- सु० बुद्धिबहादुर मल्ल,
जोरगणेश प्रेस।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu